# अब भारतको ध्यान उच्च कोसीतिर

- रतन भण्डारी

नेपाल-भारतबीच सन् १९५४ अप्रिल २५ का दिन कोशी सम्झौताका नाममा बिजारोपण गरिएको कोशीको घाउँ पछिल्लोपटक यही भदौ २ गते पुनः बल्झिएको छ । दुवै देशमा बाढी नियन्त्रण, सिँचाइ तथा विद्युत उत्पादन गर्ने नाममा कोशी सम्झौता भएपनि सम्झौतापछिका दिनहरुमा कोशी आयोजनाको एकलौटी लाभ भारतले प्रयोग गर्दै आएको छ ।

उसो त कोशीलाई असमान राष्ट्रघाती सम्झौता भन्दै उतिबेलादेखि नै सडकमा उत्रिएका नेपालका कम्युनिष्ट पार्टीहरू यसबीचमा पटकपटक संसद् र सत्तामा पनि पुगिसकेका छन् । तर कोशी समस्या भने ज्यूका त्यूँ छ । नेपाल पीडा दिनानु दिन बढ्दो छ । बाढी नै नपस्ने गाउँ यतिबेला बाढीको चरम मारमा छन् । हिउँदयाममा नेपाली उब्जाउ भूमि सुख्खा हुने र वर्षायाममा बाढीमा डुब्ने क्रम जारी नै छ । कोशीबासीहरूले आजसम्म उपलब्धिका नाममा प्रत्येक वर्ष बाढी आइसकेपछि दाताहरूबाट कम्बल र पकाइखाने भाँडाकुँडाबाहेक अरु कुनै राहत पाउनसकेका छैनन् । कोसीले २०४८ सालमा सप्तरी पछि पछिल्लोपटक सुनसरीमा ताण्डव मच्चाएको छ । अधिकांशको भनाइ छ तटबन्ध मर्मत सम्भार हुन नसक्दा यो विपत्ति आइलाग्यो । कोसी ब्यारेजको ढोका थुनिँदा तटबन्ध फुट्यो र सुनसरीका आधा दर्जन गाविस डुबे । झट्ट हेर्दा कुरा एकदमै सही हो । कोसी ब्यारेजको ढोका थुनिँदा तटबन्धले पानी थाम्न नसकी बाढी गाउँमा पस्यो सुनसरीमा कोसी पस्नुको कारण कोसी ब्यारेज आफैँ दोसी छैन । यो विपत्तिको सम्पूर्ण दोसी भारत हो । भारतकै कारण कोसी ब्यारेज बनेको हो । भारतकै कारण कोशी ब्यारेज बनेको हो । सम्झौताअनुसार ब्यारेज तथा तटबन्धको सम्पूर्ण मर्मतसम्भारदेखि जिर्णोद्धार भारतले गर्नुपर्ने हो । त्यो हुन नसक्दा तटबन्ध फुटेको हो । तटबन्ध तथा ब्यारेज मर्मतसम्भारका लागि स्थानीय जनताले पटकपटक दुवैदेशका सरकारलाई सजग पनि गराएको हो । तर भारतले जानाजान यसको मर्मतसम्भारमा चासो देखाएन । तटबन्ध फुटेर गाउँ पस्न लाग्दा पनि भारतले ५६ वटा ढोकामध्ये २७ मात्र खोल्यो । सबै खोलेन । आखिर यो सब किन ? यसका पछाडिको भारतीय रहस्य स्पष्ट छ, सप्तकोशी उच्चबाँधको निर्माण र नेपालको जलसम्पदा हडप्ने भारतीय चालबाजी ।

हो, कोशीलाई विहारका दुःख भन्दै आएको भारतको केन्द्रीय सरकारका लागि कोशी ठूलो चुनौतीको रुपमा रहेको छ । विहारलाई बाढीबाट उन्मुक्ति दिलाउन भारतले विगतमा थुप्रै अध्ययनहरुसमेत गरेको छ । बाढीबाट विहारलाई जोगाउने हो भने कोशीलाई नेपालको तराईमा प्रवेश गर्नु अघि उच्चबाँध निर्माण गरी रोक्न सके वर्षामा बाढी नियन्त्रण हुने र हिउँदमा सिँचाइ उपलब्ध हुने सुझाव सन् १९४६ को ए. एन. खोसलाको प्रतिवदेनले दिएको थियो । सोही प्रतिवदेनका आधारमा त्यतिबेलै बराहक्षेत्रनजिक बाँध बनाउने प्रस्ताव अगाडि सारिए पछि राणाहरुले धार्मिक महत्वको बराह क्षेत्र डुब्ने गरी बाँध बनाउन नमिल्ने भन्दै असहमति जनाए । दुईवर्ष पछि सन् १९४८ मा कोशी बाँध अन्वेषक मण्डलले बराहाक्षेत्रदेखि करिब सय कि.मि. माथि कुरुलेमा सुनकोशी डाइभर्सन उच्चबाँध निर्माण गरी कमलामा पानी खसाई विद्युत तथा सिँचाइको व्यवस्था गर्ने सुझाव पेश गरेको थियो । त्यसपछि २००७ सालका राजनीतिक परिवर्तन पछि समेत भारतले बराहक्षेत्रमा बाँध बनाउन वातावरण सिर्जना गर्न खोजे पनि सम्भव नदेखिएपछि भण्टावारीनजिक सप्तकोशी उच्चबाँधको विकल्पस्वरुप कोशी ब्यारेज निर्माण गरियो । यद्यपि कोशी ब्यारेजले भारतको सप्तकोशी उच्चबाँधको आवश्यकतालाई कहिल्यै पूर्ति गर्न सकेन । त्यसैले भारत निरन्तर सप्तकोशी उच्चबाँध निर्माणको अभ्यासमा छ । तर पूर्वी नेपाललाई डुबाएर विहारलाई बचाउने सप्तकोशी उच्चबाँधको जनस्तरबाट वर्षौंअघिदेखि देशैभर चर्को विरोध भइरहेको छ ।

सन् १९९७ को जनवरी ७-९ मा नेपाल र भारतबीचको संयुक्त प्राविधिक टोलीले सप्तकोशी उच्चबाँध परियोजना कार्यान्वयन गर्न डीपीआर तयार गर्ने भनी एग्रिमो माइन्यूट्स गरेपछि उच्चबाँधको विरोध झनै चर्किंदै आएको छ ।

यहाँ यो प्रसँग किन जोडिएको हो भने नेपालमा सप्तकोशी उच्चबाँधको जनस्तरबाट चर्को विरोध भइरहेको तर भारतका लागि सप्तकोशी नबनाइ नहुने भएकोले भारतले नेपालमा कोशी ब्यारेजमार्फत कृत्रिम बाढीको अवस्था सिर्जना गरी हजारौं नेपाली जनताको उठिवास लगाएर दुवैदेशका लागि भोलि कोशीको बाढी नियन्त्रणको एउटैमात्र विकल्प सप्तकोशी उच्चबाँध नै हो भन्ने पार्न खोजेको छ । पछिल्लोपटक २००८ अप्रिल २६-२७ मा पटनामा सम्पन्न नेपाल-भारतसम्बन्धी सम्मेलन उसले पटनामै आयोजना गर्‍यो र त्यहाँ कार्यक्रम अवधिभर अरु विषयभन्दा पनि सप्तकोशी उच्चबाँध निर्माणको कुराले नै प्राथमिकता पायो । यदि उक्त सम्मेलन नेपालसँग सीमा जोडिएका राज्यमै गर्नु थियो भने गान्तोक, कोलकत्ता, लखनउ तथा देहरादूनमा किन हुन सकेन ? किन पटनामै गरियो ? कारण थियो नेपाली प्रतिनिधिमण्डललाई सप्तकोशी उच्चबाँध निर्माणका लागि प्रोत्साहन गर्नु । अझ पछिल्लोपटक प्रधानमन्त्री प्रचण्डको सपथग्रहण समारोहमा भाग लिन आएका भारतीय नेताहरुले समेत प्रधानमन्त्री प्रचण्डसमक्ष सप्तकोशी निर्माणको कुरा राखेर गएको हल्ला छ ।

कोशी आफैमा समस्या होइन, यो भारत सिर्जित समस्या हो ।सप्तकोशी उच्चबाँध निर्माणका लागि नेपाल सरकारलाई बाध्य पार्न उसले नेपालमा कृत्रिम बाढी सिर्जना गरेको हो । यही कारण भारलते वर्षौंदेखि कोशी ब्यारेजको मर्मत गर्न छोडेको छ । उल्टो आफ्नो कमिकमजारी लुकाउन लैनचौरस्थित भारतीय दूतावासले वकमफुस्से वक्तव्यबाजीको बाढी ल्याउने गरेको छ । कोशीमात्र नेपालको समस्या होइन भारतसँग जोडिएका गण्डक, महाकाली, सीमाअतिक्रमण तथा भारतले सीमावर्ती क्षेत्रमा एकतर्फीरुपमा निर्माण गरेका १२ वटाभन्दा बढी तटबन्ध थप समस्या हुन । त्यसैले अहिलेको कोशीको समस्या पीडितप्रभावितलाई चामलका बोरा, चाउचाउ चिउरा तथा लत्ताकपडा बाँडेर होइन भारतसँग असमानरुपमा सम्पन्न यी सम्झौताहरुको खारेजीसहित अघि बढेर मात्र समाधान गर्न सकिन्छ । यदि यी असमान सन्धिसम्झौताको खारेजी तथा भारतीय बलमिचाइका विरुद्ध अझै पनि नेपाल सरकारले मुख नखोल्ने हो भने थुप्रै कोशी, गण्डक तथा महाकाली मात्र दोहोरिने छैन नेपाल भुटानीकरणहुँदै सिक्कीमीकरणमा जानेछ । त्यसैले नवगठित नेपाल सरकारले भारतसँग असमानरुपमा सम्पन्न सन् १९५० को शान्ति तथा मैत्री सन्धिदेखि कोशी, गण्डक तथा महाकाली सन्धिसम्झौता तत्काल खारेजी तथा पुनरावलोकनका लागि पहल होइन कदम नै चाल्नु पर्दछ । ५० वर्ष अघि भारतीय स्वार्थमा निर्मित कोशी ब्यारेजका कारण विस्थापित पीडित नेपालीहरुले अहिलेसम्म पनि क्षतिपूर्ति पाइनसकेको अवस्थामा ती विस्थापितहरुका साथै पछिल्लोपटक कोशीको बाढीबाट प्रभावित सुनसरीबासी सबैलाई क्षतिपूर्ति तथा मुआब्जा भारतलाई बेहोर्न लगाउन पर्दछ सीमावर्ती क्षेत्रमा भारतले अन्तराष्ट्रिय कानुनविपरीत निर्माण गरेका तटबन्धहरु भत्काउन कुटनीतिकरुपमा अगाडि बढ्नुपर्दछ । यदि भारतले नमाने हेगस्थित अन्तराष्ट्रिय अदालतमा जानसक्नुपर्दछ ।

साभारः जनआस्था साप्ताहिक, २०६५ भदौ ११

इमेलः ratanji@gmail.com फोनः 9841485815